**विश्वबैंक समूह र अन्तर्राष्ट्रिय मुद्राकोषको सयुक्त वार्षिक वैठक अमेरिकाको वासिंगटन डीसी मा सम्पन्न ।**

आज अमेरिकाको वासिंगटन डि. सी. मा विश्वबैंक समूह र अन्तर्राष्ट्रिय मुद्राकोषका गभर्नर तथा वैकल्पिक गभर्नरहरुको सन् २०१६ को संयुक्त वार्षिक वैठक विधिवत रुपमा प्रारम्भ भयो । वैठकमा नेपाल लगायत विश्वका १८९ सदस्य तथा शेयरहोल्डर राष्ट्रका प्रतिनिधिहरुले भाग लिई रहेका छन । नेपालबाट माननीय उप प्रधानमन्त्री तथा अर्थमन्त्री श्री कृष्ण वहादुर महराको नेतृत्वमा ८ सदस्यीय प्रतिनिधिमण्डलले भाग लिइरहेको छ । नेपालका अर्थमन्त्री र अर्थसचिवले विश्वबैक समूहको गभर्नर तथा वैकल्पिक गभर्नरको रुपमा र नेपाल राष्ट्र बैकका गभर्नर र अर्थ मन्त्रालय अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिवले अन्तर्राष्ट्रिय मुद्राकोषको गभर्नर तथा वैकल्पिक गभर्नरका रुपमा भाग लिने प्रचलन रहेको छ ।

संयुक्त वार्षिक वैठकलाई संवोधन गर्दै माननीय उप प्रधानमन्त्री तथा अर्थमन्त्री श्री कृष्णबहादुर महराले विश्व अर्थतन्त्रलाई प्रभाव पार्ने प्रमुख विकसित मुलुकहरुको आर्थिक वृध्दिमा आएको सुस्तताका वीच केही उदीयमान अर्थतन्त्रहरुले प्रगति गरिरहेको कुरा वताउनु भयो । आगामी दिनहरुमा विश्वबैंक र अन्तर्राष्ट्रिय मुद्राकोष जस्ता वहुपक्षीय बैंक तथा वित्तीय संस्थाले नीतिगत सुधारको नेतृत्व गर्नुपर्ने र यसका लागि प्रभावकारी कार्ययोजना वनाई लागू गर्नुपर्ने विचार राख्नु भयो । वँहाले नेपाल सहश्राव्दी विकास लक्ष्य प्राप्तिका उपलव्धिहरुलाई संस्थागत गर्दै दीगो विकासका लक्ष्य प्राप्तिमा अगाडी वढीरहेको कुरा वताँउदै गत वर्ष नेपालले व्यहोर्नु परेको विनाशकारी भूकम्प र सँगसँगै व्यहोर्नुपरेको व्यापार तथा आपूर्ति अवरोधले विकासको गतिलाई सुस्त वनाएकोले आर्थिक वृद्धि र व्यापार सन्तुलन नराम्रोसँग प्रभावित भए तापनि अन्य समग्र आर्थिक परिसूचकहरु सकारात्मक रहेको कुरा व्यक्त गर्नुभयो । वक्तव्यकै क्रममा माननीय उप प्रधानमन्त्री तथा अर्थमन्त्रीले नेपाल संविधानको निर्माण पश्चात यसको प्रभावकारी कार्यान्वयन गर्दै आर्थिक विकासको अभियानमा जुटेको र यसका लागि उर्जा लगायतका ठूला पूर्वाधार निर्माणमा बैंकको गुणस्तरीय सहयोग आवश्यक रहेको कुरा वताउनु भयो । विश्वबैंकले  चरम गरीविको अन्त्य गर्ने र समृद्धिमा सवैलाई सहभागी गराउने दूरदृष्टि सहित आफ्ना सदस्य राष्ट्रहरुमा लगानी गर्ने गर्दछ । बार्षिक वैठकले वर्षभरिको कार्य प्रगतिको समीक्षा गर्नुका साथै सदस्य राष्ट्रहरुलाई अन्तर्राष्ट्रिय समुदाय र विकास साझेदारहरुसँग नेटवर्क निर्माण गर्न अवसर प्रदान गर्दछ । सवै दाता तथा प्रापक राष्ट्र एकै थलोमा जुट्ने भएकाले साइडलाइनमा विभिन्न मुद्दाहरुमा छलफल गर्न द्वीपक्षीय वैठकहरुको आयोजना गरिन्छ । नेपालले पनि वेलायत एशियाली विकास वैक  अमेरिकी सरकारको एम सी सी कार्यक्रम विश्वबैक र आइ एम एफका पदाधिकारीहरु सँग छलफल गर्न समय मिलाएको छ ।

७ अक्टोवर २०१६

वासिंटन डी सी